# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २३ गते २०३१ साल

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको

सूचना

जग्गा (नापी जाँच) ऐन, २०१९ (संशोधन सहित) को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आर्थिक बर्ष २०३०।३१ को चैत्र महीनादेखि कास्की जिल्ला नगर योजना क्षेत्रको क्षेत्रफल यकीन गर्न, किसिम छुट्याउन र दर्ता गर्न गराउन नापी गर्नको लागि यो आदेश जारी गरेको छ ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको

## सूचना

भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मोरङ जिल्ला स्थित श्री रिजाल क्यानिंग कम्पनी प्रा. लि. लाई फलफूल उद्योगको काममा रहेसम्मको लागि ५३–१२–१० (त्रिपन्न बिगहा बाह्र कट्ठा दस धुर) जग्गासम्म राख्न पाउने गरी हदबन्दीमा छूट दिएको छ ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।